# बडिगाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ग्वालिचौर, बागलुङ

गण्डकी प्रदेश, नेपाल

प.सं. २०८३।८४
च.नं. ०४

मितिः २०८३/०४/०५
नेपाल संवतः (११४६ दिल्लाथ्व अष्टमी, मंगलवार)

**औषधी उपचार खर्च वापत रकम पाउने लाभग्राहीहरुले विवरण उपलब्ध गराउने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तरगत वडा नं. १ देखि १० सम्मका क्यान्सर रोगी मृगौला प्रत्यारोपण/डायलाइसिस गराई रहेका तथा मेरुदण्ड पक्षघातका बिरामीहरुले आ.व. २०८३/०८४ को औषधी उपचार खर्च वापतको रकम भुक्तानीको लागि प्रत्येक आर्थिक बर्ष विविरण पेश गरि अध्यावधिक गर्नु पर्ने भएकोले सम्पूर्ण सेवाग्राहीलाई २०८३/०४/३० गते भित्रमा वडा कार्यालयको सिफारीस सहित गाउँ कार्यपालिकाको कार्यालय स्वास्थ्य शाखामा नविकरण गर्नको लागि यो सूचना प्रकासित गरिएको छ ।

**उपचार खर्च प्राप्त गर्ने लक्षित समुह**

१. मृगौला प्रत्यारोपण गराएका
२. डायलाईसिस गराईरहेका
३. क्यान्सर रोग पहिचान भएका तथा नियमित फलोअप गराईरहेका क्यान्सर रोगीहरु
४. मेरुदण्ड पक्षघात भएकाहरु

**नविकरण गर्दा आवश्यक कागजातहरुः**

१. अनुसूची -१ बमोजिमको ढाँचामा चिकित्सकको सिफारीस र मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता परिचय पत्रको प्रतिलिपी भएपनि हुनेछ ।
२. अनुसूची-२ बमोजिमको ढाँचामा औषधी उपचार खर्च पाउनको लागि लाभग्राहीको निवेदन ।
३. लभाग्राहीको राष्ट्रिय परिचय पत्र/ नागरिकता प्रतिलिपी तथा १६ बर्ष भन्दा मुनिको लागि जन्मदर्ताको प्रतिलिपी ।
४. लाभग्राहीको नाममा भएको बैङ्कको क्यान्सिल गरिएको चेक सक्कल १ थान ।
५. डायलाईसिस गराईरहेका र क्यान्सर रोगीहरुको हकमा ३/३ महिना भित्रको फलोअपको रिपोर्ट संगै राख्नु पर्नेछ ।

**नोटः यस अघि उपचार खर्च प्राप्त गरिरहेका लाभग्राहीहरुले पनि माथि उल्लेखित विवरण सहित नविकरण गर्नु हुन अनुरोध छ ।**

कृष्ण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत



CamScanner